केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : “रावा”
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/९/०६५/६६ मिति : २०६५/०५/१६

**इजाजतपत्र प्राप्त सम्पूर्ण बाणिज्य बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

इन्टरनेट, मोवाईल, विभिन्न प्रकारका कार्ड (Card) तथा अन्य ईलेक्ट्रोनिक भुक्तानी प्रणाली (Electronic payment) को माध्यमबाट खरिद गरिएका बस्तु तथा सेवाको भुक्तानी गर्ने प्रयोजनका लागि ईच्छुक कम्पनीले प्रचलित ऐन कानून तथा निम्न शर्तहरुको अधिनमा रही Electronic payment को माध्यमबाट भुक्तानी सम्बन्धी कार्य गर्न सकिने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(क) विदेशी मुद्रामा हुने कारोवार गर्न नपाईने र सम्बन्धित कम्पनीको आफ्नो प्रवन्धपत्र/नियमावलीमा यस प्रकृतिको कार्य गर्न सक्ने उद्देश्य स्पष्ट उल्लेख भएको हुनुपर्ने ।

(ख) यस्तो प्रकारको कार्य संचालन गर्न आवश्यक सम्पूर्ण भौतिक पूर्वाधारको व्यवस्था सम्बन्धित कम्पनीले गरेको हुनुपर्ने ।

(ग) यस्तो कार्य गर्ने कम्पनी र यस बैंकबाट इजाजतपत्रप्राप्त “क” वर्गको कुनै बाणिज्य बैंक वा राष्ट्रिय स्तरको “ख” वर्गको कुनै विकास बैंकवीच सम्झौता वा Memorandum of Understanding भएको हुनपर्ने ।

   अ. त्यस्तो सम्झौता वा Memorandum of Understanding मा आवश्यक अन्य विषयहरुका अतिरिक्त विस्तृत रुपमा भुक्तानी प्रकृया तथा कार्यविधि स्पष्टसंग खुलाएको हुनु पर्ने ।

   आ. यस प्रयोजनका लागि त्यस्तो कम्पनीले सम्झौता गरेको “क” वर्गको बाणिज्य बैंक वा राष्ट्रियस्तरको “ख” वर्गको विकास बैंकमा एउटा छुट्टै Non-operative खाता खोल्नु पर्ने र त्यस्तो खातामा ग्राहकहरुबाट संकलन हुने रकम सोझै जम्मा गनुपर्ने ।

   इ. खरिद गरिएका बस्तु तथा सेवाको भुक्तानी पाउने सम्बन्धीत पक्ष (Beneficiary) लाई भुक्तानी दिने प्रयोजनका लागि र सम्झौतामा उल्लेख भए अनुसार कारोवारबाट हुने आम्दानी/खर्चको हिसाव मिलान गर्ने प्रयोजनका लागि बाहेक अन्य प्रयोजनका लागि त्यस्तो Non-operative खाताबाट खर्च गर्न नपाईने ।

भवदीय,

(रामहरि न्यौपाने)
उप-निर्देशक

<u>बोधार्थ :</u>

१. नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।